# राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रम

## आम औषधी सेवन अभियान २०७६

## पत्रकार अन्तरकृया कार्यक्रम

### २० माघ, २०७६

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

स्वास्थ्य सेवा विभाग

ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

# हात्तीपाईले रोग (Lymphatic Filariasis)


- तीन प्रजातीका मसिनो धागो जस्तै परजीवि (जुका) ले गराउँदछन् (*Wuchereria bancrofti*, *Brugia malayi* and *B. Timori)*, यी परजीविहरू २० बर्षसम्म पनि मानव शरिरमा जिवित रहन सक्छन् ।
- संक्रमित लामखुट्टेको टोकाईबाट मानिसमा सर्दछ ।



***W. bancrofti***



***B. malayi***



***B. timori***

Source: www.dpd.cdc.gov/dpdx

# हात्तीपाईले रोग (LF) के हो ?

- लामखुट्टेको टोकाईबाट सर्ने यस रोगले मानव शरीरको लसिका प्रणालीलाई (Lymphatic System) असर गर्दछ र अंगहरूको अस्वभाविक बृध्दि गराउंदछ, जसका कारण दुखाई, अपाङ्गता, सामाजिक लान्छना/ भेदभाव सहनुपर्ने हुन्छ ।
- यस रोगका कारण संसारभर बहुसंख्यक अण्डकोष सुन्निएका पुरूषहरू (२ करोड पचास लाख), र खुट्टा तथा हात सुन्निएका मानिसहरू (१ करोड पचास लाख) भएको अनुमान गरिएको छ ।



खुट्टा सुन्निएको



अण्डकोष सुन्निएको

नेपालमा पाईने,

**_W. bancrofti_ is prevalent and is transmitted through _Culex quinquefasciatus_**






# रोग लाग्ने वा देखिने अवस्था

- बयस्क परजीविहरूका कारण lymph vessel हरू बिस्तारै क्षति हुँदै जान्छन्, जुन हामीलाई थाहा नै हुँदैन ।
- पछिल्लो अवस्थामा संक्रमणका कारण हाम्रो शरीरका अंगहरू बिस्तारै सुन्निन थाल्दछन् ।

(खुट्टा, हात, जननेन्द्रीयहरू)


# लक्षण नदेखिने अवस्था

- सबैजसो संक्रमित मानिसहरूमा कुनै पनि किसिमको लक्षण देखिदैन ।
- संक्रमित मानिसको रातीको रक्त नमुना संकलन गरि जाँच गरिएमा रगतमा परजीवि देखिन सक्छ ।
- भिडियो एक्स-रे गरेर हेर्दा lymph vessel हरू फैलिएको र बयस्क जुकाहरूको झुप्पाहरू देखिन सक्छ । (Filarial Dance Sign)

# शीघ्र अवस्था

- अंगहरूको सुजन वा हात्तीपाईले
- शुरूको अवस्थामा नरम वा थिच्दा थिचिने खालको सुजन हुन्छ ।
- पछिल्लो अवस्थामा छाला बाक्लो हुँदै नथिचिने खालको हुँदै जान्छ ।
- ठुलो खालको सुजन
- छालमा पत्र हुँदै जाने वा गाँठागुँठी पलाउन थाल्छन् ।
- सुन्निएको अंगमा मुसाहरू पलाउन थाल्छन् ।
- घाउहरू हुन थाल्छन् ।

# शीघ्र अवस्था





# हात्तीपाईले





# हात्तीपाईले





# सुन्निएको खुट्टामा थप संक्रमण





# दीर्घ अवस्था







# खुट्टा फुट्नु वा फोकाहरू देखिनु





# घाउ





अण्डकोष सनिनु




छालाको पत्र जानु



# विश्वमा हात्तीपाईले रोगको अवस्था

- हाल ५० देशका ८५.६ करोड मानिसहरू यस रोगको जोखिममा छन् ।
- सन् २००० सम्म १२ करोड मानिसहरू संक्रमित तथा ४ करोड मानिसहरू अंगभंग भएका छन् ।
- दक्षिण पुर्वी एशियाका ११ (ब्रुनाई, म्यानमार, कम्बोडिया, टिमोर लिष्टे, ईण्डोनेशिया, लाऔस, मलेशिया, फिलिपिन्स, सिङ्गापुर, थाईल्याण्ड र भियतनाम) मध्ये ९ देशहरूमा यो रोगको जोखिम पाईएको छ।
- संसारभर जोखिममा रहेका मध्ये ६५ प्रतिशत मानिसहरू यिनै ९ देशमा रहेका छन् ।

tribution of lymphatic filariasis and status of preventive chemotherapy (PC) in endemic countries, 2016




- Endemic countries and territories not started implementing PC
- Endemic countries and territories not implementing PC or not reported in 2016
- Endemic countries and territories implementing PC in 2016 with geographical coverage 100%
- Endemic countries and territories implementing PC in 2016 with geographical coverage <100%
- Endemic countries and territories where the target was achieved and PC stopped
- Endemic countries and territories where LF was eliminated as a public health problem
- Not applicable
- Non-endemic countries and territories

# हात्तीपाईले रोग निवारणको अवस्था

- विश्व स्वास्थ्य संगठनले सन् २०२० सम्म आम औषधी सेवन मार्फत संसारभरबाटै यस रोगलाई निवारण गर्ने लक्ष्यका साथ काम  गरिरहेको छ ।
- संसारका ७१ मध्ये २१ संक्रमित देशहरूले आम औषधी सेवन कार्यक्रम सम्पन्न गरिसकेका छन् ।
- हालसम्म ४९.९ करोड मानिसहरूले पुर्ण उपचार पाएका छन्, ६७ अरब मात्रा औषधी खुवाई सकिएको छ ।

# नेपालमा हात्तीपाईले रोग निवारण कार्यक्रमको अवस्था



# नेपालमा हात्तीपाईले रोगको अवस्था

- जोखिममा रहेका जिल्ला: ६३
- रोगको प्रीभालेन्स: १३% (सन् २००१)
- जोखिममा रहेको जनसंख्या: २.५ करोड
- परजीविको नाम: *Wuchereria bancrofti* (*उचेरेरिया ब्याङ्क्रफ्टी*)
- रोग सार्ने लामखुट्टे : *Culex क्युलेक्स*
- रूग्णता प्रतिबेदन गरिएका बिरामीहरू : ३०,००० भन्दा बढी (धेरै हाईड्रोशिल)

# नेपालमा राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रम

## लक्ष्य

- सन् २०२० सम्म यस रोगलाई जनस्वास्थ्य समस्याको रूपमा रहन नदिने।
- सन् २०१४ सम्म सबै ईन्डेमिक (Endemic) जिल्लाहरूमा आम औषधी सेवन अभियान शुरू गरिसक्ने र सन् २०१८ सम्म रोगको प्रीभालेन्स (Prevalence) १ प्रतिशत भन्दा कममा ल्याउने।

## रणनीतिहरू

- बर्षको १ पटकका दरले ६ बर्षसम्म आम औषधी सेवन अभियान सञ्चालन गर्ने र रोग सर्ने प्रकृया अबरूद्ध गराउने।
- रोगीहरूको ब्यवस्थापन तथा अंगभंग हुन बाट रोक्ने।

# हात्तीपाईले रोग निवारणका लागि प्रयोग हुने औषधिहरु


हात्तीपाईले रोगबाट बच्न दुई थरि औषधिहरु प्रयोग हुन्छन् जुन पूर्ण रुपमा सुरक्षित छन् र यी औषधि दशौँ बर्षदेखि विश्व भरी प्रयोग हुंदै आईरहेका छन् ।

1. DEC (Diethyl Carbamazine)
2. Albendazole

# हात्तीपाईले रोग विरुद्धको औषधि सेवन गर्दा ध्यान दिनुपर्ने कुराहरू


- यो औषधि खाली पेटमा खानुहुंदैन ।
- शरीरमा हात्तीपाईले रोगको परजीवि भएका ब्यक्तीहरूमा हात्तीपाईले रोग विरुद्धको औषधि सेवन गरेपछि सामान्य खालको टाउको दुखाई, वाकवाकी लाग्ने तथा पेट दुख्ने हुनसक्छ ।
- यदि त्यसो भएमा औषधिले प्रभावकारी काम गर्दैछ भन्ने बुझ्नु पर्दछ ।
- ती लक्षणहरु केहि घण्टा भित्रमा आफैं हराएर जाने हुन्छ ।
- केही गरी ती लक्षणहरु लामो समयसम्म रहिरहेमा नजिकको स्वास्थ्य संस्थामा आवश्यक सल्लाह र उपचारका लागि सम्पर्क गर्नुपर्दछ ।

# हात्तीपाईले रोग निवारणका रणनीति तथा पाईलाहरू




**MDA**- Mass drug administration
**MMDP**- Morbidity mapping and disability prevention
**VC-** Vector Control
**IVM**- Integrated Vector management

# आम औषधी सेवन अभियानको अनुगमन तथा मुल्याङ्कन




- **Prevalence of Mf or Ag** can be used in mapping.
- **Coverage** is monitored at each MDA round to determine whether the goal of at least 65% coverage of the total population was met.
- After at least five rounds of effective MDA, the impact is evaluated at **sentinel and spot-check sites**.
- If all the eligibility criteria are met, a **transmission assessment survey (TAS)** is conducted before deciding to stop MDA.
- TAS is repeated twice during post-MDA surveillance phase.


# GPELF Progress: संक्रमित देशहरूको अवस्था, २०१८

| MDA not started | MDA started but not at scale | MDA scaled to all endemic IUs | Post-MDA Surveillance | Elimination as a Public Health Problem |
|---|---|---|---|---|
| Equatorial Guinea<br>Gabon<br>Sao Tome & Principe<br>South Sudan<br>New Caledonia | Angola<br>Central African Republic<br>Chad<br>Congo<br>Democratic Republic Congo<br>Ethiopia<br>Guinea-Bissau<br>Nigeria<br>Sudan<br>Comoros<br>Eritrea<br>Madagascar<br>Guyana<br>India<br>Papua New Guinea | Benin, Burkina Faso Cameroon, Côte d'Ivoire, Ghana, Guinea, Liberia, Mali, Mozambique, Niger, Senegal, Sierra-Leone Tanzania, Uganda, Kenya, Zambia, Zimbabwe Dominican Republic Haiti, Indonesia, Myanmar, **Nepal**, Timor-Leste, American Samoa, French Polynesia, Tuvalu, Fiji, FSM, Malaysia, Samoa, Philippines | Malawi<br>Brazil<br>Yemen<br>Bangladesh<br>Brunei Darussalam<br>Kiribati<br>Lao PDR | Maldives<br>Sri Lanka<br>Thailand<br>Egypt<br>Togo<br>Cambodia<br>Cook Islands<br>Marshall Islands<br>Niue<br>Tonga<br>Vanuatu<br>Palau<br>Vietnam<br>Wallis and Futuna |
| 5 (7%) | 15 (21%) | 31 (43%) | 7 (10%) | 14 (19%) |


# सन् २०१९ सम्म हात्तीपाईले रोग निवारणका लागि गरिएका प्रगतीहरू

- रोगको नक्शांकन: २००१, २००५, २०१२
- भौगोलिक कभरेज: १००%, (२०१३)
- आम औषधी सेवन अभियान बन्द (५० जिल्ला)
- ११ करोड भन्दा बढी मात्रा औषधी सेवन गराईसकिएको ।
- आम औषधी सेवन अभियान पश्चात गरिने सर्भिलेन्स (निगरानी) र रोगिहरूको ब्यवस्थापन सम्बन्धि कार्यक्रम भईरहेको ।


# नेपालमा आम औषधी सेवन अभियानको अवस्था



# LF MDA Program Scale Up



# Year wise MDA Coverage (2003-2019)



# बिरामी ब्यवस्थापन तथा अपाँगता रोकथाम कार्यक्रम



लक्ष्य: रोग प्रभावित सबै भौगोलिक क्षेत्रमा कार्यक्रमको बिस्तार

सबै जिल्लाहरूमा रहेका स्वास्थ्य संस्थाहरूले पत्ता लागेका बिरामीहरूलाई आधारभुत स्वास्थ्य सेवा दिनु पर्दछ ।

- शिघ्र संक्रमणको उपचार
- सुन्निएका अंगहरूको ब्यवस्थापन
- हाईड्रोशिलको शल्यक्रिया
- संक्रमण भएका बिरामीहरूको उपचार

# रोगिहरूको ब्यवस्थापन तथा अंगभंग हुनबाट जोगाउने कार्यक्रमको अवस्था - २०१९

- हाईड्रोशिलको नि:शुल्क शल्यकृया – ९०८० (२०७५/०७६ सम्म)
- २१ वटा जिल्लाहरूमा बिरामीहरूको नक्शांकन, स्वास्थ्यकर्मीहरू र महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई बिरामी ब्यवस्थापन बारे तालिम प्रदान
- समुदाय स्तरमा तालिम प्रदान (धादिङ, बर्दिया र कपिलबस्तु, २०१६)
- कुष्ठरोग र हात्तीपाईले रोगको संयुक्त ब्यवस्थापन (लालगढ अस्पताल)

# चलिरहेका कार्यक्रमहरू (०७६/०७७)

| सि.नं. | कार्यक्रम | कार्यक्रम सञ्चालन हुने स्थान |
|---|---|---|
| १ | हाईड्रोशिलको नि:शुल्क शल्यकृया | प्रतिष्ठान, केन्द्रिय, प्रादेशिक, अञ्चल र जिल्ला अस्पतालहरू |
| २ | पत्रकार अन्तरकृया | कार्यक्रम सञ्चालन हुने सबै जिल्लाहरू र केन्द्र |
| ३ | बिरामीहरूको नक्शांकन | १७ जिल्ला |
| ४ | आम औषधी सेवन अभियान | १३ जिल्ला |

# आम औषधी सेवन अभियान कार्यक्रमको तयारी (२०७६/७७)

- कार्यक्रम सञ्चालन हुने जिल्ला: १३
- लक्षित जनसंख्या: ७४ लाख ६१ हजार
- पालिका स्तरमा तयारीका कार्यक्रमहरू: सञ्चालन भईरहेको
- औषधी तथा आवश्यक सामग्री: सबै स्वास्थ्य संस्थामा पुगिसकेको/पुग्ने क्रममा रहेको
- अभियान सञ्चालन हुने मिति:

  २०७६ माघ २५ गते देखि

# जिल्ला अनुसार लक्षित जनसंख्या

| जिल्ला | जनसंख्या | जिल्ला | जनसंख्या |
|---|---|---|---|
| झापा | ९२०८९५ | कपिलबस्तु | ६६४६७४ |
| मोरङ | १०८७७२१ | दाङ | ६४४५६३ |
| धनकुटा | १७०८०३ | बाँके | ६०१८७६ |
| बारा | ८२२५५५ | बर्दिया | ४७७६६६ |
| लमजुङ | १७१७३९ | कैलाली | ९४१४३० |
| पर्बत | १४८३९२ | कञ्चनपुर | ५२५९८७ |
| बागलुङ | २८२९९३ | | |

**जम्मा जनसंख्या ७४,६१,२९४**

# राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रममा बिभिन्न तहका सरकारको भूमिका तथा जिम्मेवारी

## संघिय सरकार (स्वा.से. विभाग, EDCD)

- औषधी तथा आवश्यक सामग्रीहरूको खरिद तथा प्रदेश सम्म आपुर्ति ब्यवस्थापन
- कार्यक्रम निर्माण, योजना तर्जुमा तथा कार्यक्रम सञ्चालनमा प्रदेश तथा स्थानिय तहहरूलाई प्राबिधिक सहयोग
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र सहयोगि निकायहरूसंग कार्यक्रम र रोग निवारणका विषयमा समन्वय तथा सहकार्य

## राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रममा बिभिन्न तहका सरकारको भूमिका तथा जिम्मेवारी

## प्रदेश सरकार (MOSD/HD/HO)

- केन्द्रबाट प्राप्त औषधी तथा आवश्यक सामग्रीहरू पालिका सम्म आपुर्ति ब्यवस्थापन
- स्थानिय तहको योजना तर्जुमा तथा कार्यक्रम सञ्चालनमा प्राबिधिक सहयोग
- कार्यक्रम र रोग निवारणका विषयमा केन्द्रसंग समन्वय तथा सहकार्य

## राष्ट्रिय हात्तीपाईले रोग निवारण कार्यक्रममा बिभिन्न तहका सरकारको भूमिका तथा जिम्मेवारी

## स्थानिय सरकार (Municipality/Rural Municipality)

- प्राप्त औषधी तथा आवश्यक सामग्रीहरू स्वास्थ्य संस्थासम्म आपुर्ति ब्यवस्थापन
- स्वास्थ्य संस्था तहमा शुक्ष्म योजना तर्जुमा तथा कार्यक्रम सञ्चालन
- आम औषधी सेवन अभियान सञ्चालन
- कार्यक्रम र रोग निवारणका विषयमा केन्द्र तथा प्रदेशसंग समन्वय तथा सहकार्य

# कार्यक्रमका चुनौतीहरू

- आम औषधी सेवन बारे गलत धारणा
- सर्भिलेन्सका क्रममा पास हुन नसकेका जिल्लाहरू
- शहरी क्षेत्रमा औषधी सेवनको प्रगती सन्तोषजनक नहुनु
- नयाँ संरचनामा आम औषधी सेवन अभियान संचालन
- उपलब्धीलाई दिगो बनाईराख्नु
- एकिकृत भेक्टर ब्यवस्थापन
- बिरामीहरूको नक्शांकन तथा ब्यवस्थापनको गति  बिस्तारै (सबै रोग प्रभावित जिल्लाहरू)

# आगामी कार्यक्रमहरू

- सर्भिलेन्स/निगरानीका कार्यक्रमहरू (Transmission Assessment Survey, अनुसन्धान)
- बिरामीहरूको नक्शांकन तथा ब्यवस्थापन
- आम औषधी सेवन कार्यक्रमको निरन्तरता (स्वास्थ्यकर्मीहरू परिचालन गरि)
- प्राबिधिक बिज्ञहरू संग परामर्श

# कार्यक्रममा हातेमालो गर्ने निकायहरू

| S.N. | Organization | Area |
|---|---|---|
| 1 | **WHO** | MDA/MMDP |
| 2 | **RTI/ACT EAST (USAID)** | MDA/Surveillance |

# हाल नेपालमा यस रोगको प्रीभ्यालेंस (Prevalence)

# १.४७ प्रतिशत

# धन्यबाद ।।

